स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाह र अभिनेत्री बिपना थापाले सुदूरपश्चिम महोत्सवमा दर्शक झुमाएका छन्। उनीहरुले मंगलबार महोत्सवमा फिल्म 'आ बाट आमा' को गीत 'सृष्टिकै पहिलो नाम' मा स्टेजमा नृत्य गर्दै दर्शक नचाएका हुन्। स्टेजमा अभिनेता अभिनेत्री नाच्दा दर्शकले पनि नृत्यबाटै साथ दिएका थिए। महोत्सवमा उनीहरुले फिल्मको एक दृश्य अभिनय गराएर देखाएका थिए।

आजको विचार...



राजनीतिमा... (दुई पेजमा)

गीताञ्जलि अधिकारी



द एकेडेमी अफ मोसन पिक्चर आर्ट्स एन्ड साइन्सेजले आगामी ९८ औं अस्कर अवार्डको लागि १२ विधामा सर्टलिस्ट घोषणा गरेको छ। नेपालबाट अन्तर्राष्ट्रिय फिचर विधामा सिफारिस भएको फिल्म 'अञ्जिला' छनोट हुन सकेन। ८६ मुलुकले पठाएकोमध्ये १५ देशका फिल्ममात्र छनोट भएका छन्। जसमा अर्जेन्टिनाको 'बेलेन', ब्राजिलको 'द सेक्रेट एजेन्ट', जर्मनीको 'साउन्ड अफ फलिङ', भारतको 'होमबाउन्ड', इराकको 'द प्रेसिडेन्ट्स केक' छन्।

❐ वर्ष ३१ अंक १४१ ❐ २०८२ पुस ३ गते बिहीबार 18 December 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# प्रतिनिधिसभा विघटनविरुद्धको रिटमा कारण देखाऊ आदेश

हाम्रा संवाददाता

**पाल्पा,** पुस २/ सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनविरुद्धको रिटमा कारण देखाऊ आदेश जारी गरेको छ । काँग्रेसका निर्वतमान सांसदले दिएको रिटमा प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले बुधबार कारण देखाउ आदेश जारी गरेको हो ।

गत मंसिर २१ गते प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै कांग्रेसका निवर्तमान सासदहरुले सर्वोच्च अदालतमा रिट दिएका थिए । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत नेतृत्वको पूर्ण इजलासले रिटमाथि सुनुवाइ गर्दै कारण देखाउ आदेश जारी गरेको हो ।कांग्रेसका ७ जना सांसदको तर्फबाट पूर्वमहान्यायाधीवक्ता खम्म खातीले रिट निवेदन पेस गरेका थिए । निवेदकमा प्रमुख सचेतक श्याम घिमिरेसहित, सचेतक सुशीला थिङ,



सांसदहरू दीपक खड्का, नागिना यादव, शान्ति विक र जाबेदा खातुन जागा छन् । रिटमा राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री सुशीला कार्की, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, निर्वाचन आयोग र प्रतिनिधिसभाका सभामुखलाई विपक्षी बनाइएको छ ।

रिटमा संविधानले प्रतिबन्धित गरेको व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गरी असंवैधानिक व्यक्तिको सिफारिसमा संविधानविपरीत संसद् विघटन गरिएकाले तत्काल पुनर्स्थापनाको माग पनि गरिएको छ । त्यस्तै प्रधानमन्त्री सुशीला कार्कीको नियुक्ति नै बदर गरी ठूलो दलको हैसियतमा कांग्रेस संसदीय दलको नेतालाई प्रधानमन्त्री बनाउनसमेत माग गरिएको छ । रिटमा संसदभन्दा बाहिरबाट प्रधानमन्त्री बनाउने परिकल्पना संविधानले नगरेकाले प्रधानमन्त्री नियुक्त गर्ने राष्ट्रपतिको कदम असंवैधानिक रहेकाले बदरको माग गरिएको छ । वर्तमान सरकार कामचलाउन सरकार भएकाले दीर्घकालीन असर पर्ने कुनै पनि काम नगर्न अन्तरिम आदेश पनि रिटमा माग गरिएको छ । त्यसअघि नेकपा एमालेले पनि प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता गराएको थियो ।

सर्वोच्चले विपक्षीलाई 'यसमा के कसो भएको हो ? रिट निवेदकको माग बमोजिम किन अन्तरिम आदेश दिनुपर्ने हो, त्यसको कारण पेस' गर्न भनेको छ । रिटमा राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री सुशीला कार्की, निर्वाचन आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सभामुखलाई विपक्षी बनाइएको थियो । सांसद समेत नरहेकी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । लगत्तै मन्त्रिपरिषदको बैठकबाट निर्णय गर्दै कार्कीले राष्ट्रपतिसमक्ष प्रतिनिधिसभा विघटनको सिफारिस गरेकी थिइन् । गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनपछि प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका थिए । त्यसपछि राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरेका थिए । सरकारको सिफारिसमा प्रतिनिधि सभा विघटन गरेर आउँदो फागुन २१ मा प्रतिनिधिसभाको निर्वाचन मिति सेमत घोषणा गरिएको छ । यसअघि विभिन्न कानुन व्यवसायीले पनि रिट दिएका थिए । अहिलेसम्म परेका २० वटा रिटमा सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । सबै रिटमा कारण देखाऊ आदेश मात्रै दिएको छ ।

## संक्षिप्त समाचार

### झडपमा १७ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**नोम पेन(कम्बोडिया),** पुस २/ कम्बोडियाले सिमा क्षेत्रमा भएको झडपमा कम्बोडियामा मृत्यु हुने नागरिकको संख्या १७ पुगेको उल्लेख गर्दै थाई सैन्य बलले कम्बोडिया क्षेत्रमा हवाई आक्रमण र गोलाबारी जारी राखेको बुधबार बताएको छ । कम्बोडियाको रक्षा मन्त्रालयका उपसचिव तथा प्रवक्ता लेफ्टिनेन्ट जनरल माली सोचेटाले बुधबार देखि थाई सेनाले कम्बोडियाको ओयर मिन्चे, बान्टे मिन्चे र पर्सात प्रान्तका विभिन्न स्थानमा आक्रमण गर्न ट्याङमाउन्टेड मेसिन गन, ड्रोन, आर्टिलरी र एफ-१६ लडाकू जेट प्रयोग गरेको बताएका छन् । सोचेटाले द्वन्द्वका कारण कम्बोडियाका नागरिकहरु आक्रमणको सिकार भएको उल्लेख गर्दै घाइतेहरूको संख्या ७७ पुगेको जनाएका छन् । आधिकारिक तथ्याङ्कका अनुसार द्वन्द्वले एक लाख ३० हजार भन्दा बढी कम्बोडियन परिवारका करिब चार लाख ३८ हजार व्यक्तिहरूलाई सुरक्षित आश्रयका लागि आफ्नो घर छोड्न बाध्य पारेको जनाइएको छ ।कम्बोडिया-थाइल्यान्ड सीमा द्वन्द्व डिसेम्बर( ७ देखि पुन: सुरु भएको छ, भने दुवै पक्षले एक अर्कालाई आक्रमण सुरु गरेको आरोप लगाएका छन् ।



## राष्ट्रिय झण्डाको सम्मान गरौं।

राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाईदैन:

-राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न ।

-राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।

-व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।

-शरीरको कम्मरभन्दा तलको भागमा लगाउन ।

-शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक चिन्ह राख ।

-फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


# कृषक समूहद्वारा ८७ लाखको सुन्तला बिक्री

**वालिङ (स्याङ्जा),** पुस २/यहाँको एउटै समूहले यस वर्ष ८७ लाख मूल्यको सुन्तला बिक्री गरेको छ । स्याङ्जाको पुतलीबजार नगरपालिका-७ स्थित अर्बकुना सुन्तला उत्पादन कृषक समूहले सुन्तला बिक्री गरेर गाउँमा ८७ लाख भित्र्याएको हो ।

विगतमा कोदो तथा मकै बाली हुने ठाउँमा नगदेबालीका रूपमा सुन्तलाखेती थालेसँगै गाउँमा आम्दानी बढ्दै गएको समूहका अध्यक्ष यामबहादुर सेनले जानकारी दिए । अर्बकुना सुन्तला समूहमा हाल ३१ सुन्तलाखेती गर्ने किसान आबद्ध छन् । "समूहमा आबद्ध भएका सबै किसानले न्यूनतम रु एक लाखदेखि



अधिकतम रु १५ लाखसम्म आम्दानी गर्दै आउनुभएको छ", उनले भने, "केही मात्रामा कोदो, मकै हुने जमिनबाट अहिले प्रत्येक घरले नगदेबालीका रूपमा सुन्तलाखेती गरेसँगै राम्रो आम्दानी हुने गरेको छ ।" पछिल्लो समय गाउँमा रहेका सबै घरलाई समूहमा आबद्ध गराएर एकापसमा मिलेर सुन्तलाखेतीलाई विस्तार गर्दै गएकाले आगामी वर्षहरूमा सुन्तलाको उत्पादन र आम्दानी वृद्धि हुने दाबी अध्यक्ष सेनको छ । "पुराना बोटबाट सुन्तला उत्पादन भइरहेको छ, नयाँ बोट थप्ने क्रम निरन्तर रूपमा चलिरहेको छ", उनले भने, "आगामी वर्षमा मात्रै यस समूहबाट रु एक करोड बढीको सुन्तला बिक्री गर्छौं, त्यसपछिका वर्षहरूमा त झनै वृद्धि हुँदै जान्छ ।" यहाँ उत्पादन भएको सुन्तला किसान स्वयं वा समूहमार्फत पनि बिक्री गर्ने गरिएको छ । यहाँका किसानले सुन्तला खरिदका लागि आएका स्थानीय व्यापारीलाई बगैँचा नै ठेक्कामा दिने गरेका छन् भने केही किसानले फुटकर रूपमा बिक्री गरेका हुन् । किसानले बोटमा भएको उत्पादनका आधारमा व्यापारीसित बोलकबोल गरेर मूल्य निर्धारण गर्छन् ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## औपचारितामै सिमित नहोस् आप्रवासी दिवस

**नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी आज अन्तर्राष्ट्रिय आप्रवासी दिवस मनाईंदैछ । सन् १९९० मा विश्व आप्रवासी कामदार र उनीहरुका परिवारको हक अधिकार संरक्षणका लागि संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय महासन्धि पारित गरेको अवसर पारेर हरेक बर्ष डिसेम्बर १८ लाई अन्तर्राष्ट्रिय आप्रवासी दिवसका रुपमा मनाउन थालिएको हो । यस दिवसका अवसरमा नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरुले आप्रवासी श्रमिकहरुको अधिकार सुनिश्चतता सम्बन्धी कानुनको चर्चा र सरकार तथा राजनीतिक दलहरुलाई यी विषयमा ध्यानाकर्षण गराउँदै आएका छन् ।**

**सबै आप्रवासीहरूको हकहित र आत्मसम्मानलाई सुनिश्चित गर्नु यस दिवसको उद्देश्य रहेको छ । तर नेपाल सरकारले आप्रवासीहरूको मर्यादित जीवन र सम्मानपूर्ण कामको वातावरण निर्माण गर्न भने सकिरहेको छैन । विदेशमा काम गर्न जाँदा आप्रवासी कामदारमाथि पारिश्रमिक तथा अन्य सेवा सुविधा र मानवअधिकारका विषयमा विदेशी नागरिक भएकै कारण विभेद गर्ने गरिन्छ । यसको अन्त्य गर्न नेपाल सरकारले सम्बन्धित सरकारसँग समन्वय गर्न आवश्यक छ । आप्रवासी कामदार र तिनका परिवारलाई जात, लिंग, धर्म, वर्ण, विचार, राष्ट्रियता, उमेर, आर्थिक स्थिति, विवाह, जन्मका आधारमा भेदभाव गर्न नपाइने बताइए पनि अहिलेसम्म त्यस्तो वातावरण सिर्जना हुन सकेको छैन । यो अत्यन्त दुखको कुरा हो । नेपालबाट वैदेशिक रोजगारीमा जाने कामदारले भोग्ने पीडामा कमी आउन सकेको छैन । नेपालमा वर्षेनी आप्रवासी दिवस मनाइए पनि उनीहरुका समस्यामा कमी आउन नसक्नु विडम्वना हो । उनीहरुका मुद्दा उठाउन, तिनको कार्यान्वयन र अनुगमन गर्न सरकार चुक्नु हुँदैन । आप्रवासनमा काम गर्ने श्रमिकलाई यथेष्ट सम्मान, सुरक्षा र उत्प्रेरणा दिन आवश्यक छ । अब कामदारले पठाएको रेमिट्यान्सको हिसाब गरेर बस्नेमात्र होइन,तिनीहरूको पुँजी, सीप, दक्षता, व्यावसायिकता र जाँगरलाई विकासको मूलप्रवाहमा लगाउने कार्यक्रम बनाउनुपर्छ । दिवस केवल मनाउनका लागि होइन, विगतको समीक्षा, भविष्यको कार्ययोजना र कामदारको अधिकार, न्याय तथा नीतिगत तहमा पहुँचको लागि हुनुपर्छ । जबसम्म आप्रवासी कामदारका मुद्दाहरू स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा उठ्दैनन् र उठेका मुद्दा पनि कार्यान्वयन हुँदैनन्, तबसम्म दिवस मनाउनुले सार्थकता प्राप्त गर्दैन ।**

## Opinion @ Socia Network

सम्बन्धलाई हैसियतको नजरले कहिले पनि नहेर्नुस्
किनकी अक्सर साथ निभाउने गरिब नै हुन्छन्, मन बिनाको धनको कुनै अर्थ हुँदैन।
*(शान्ता ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Dhakal)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिमा नाराभन्दा नीति महत्वपूर्ण



**गीताञ्जलि अधिकारी**

***नेपालमा सरकार बदलिँदा योजनाहरू कागजमै सीमित रहनु, नीति कार्यान्वयनमा कमजोरी देखिनु वा नेतृत्वको प्रभावकारिताबारे जनमत विभाजित हुनु-यी सबै उदाहरण स्पष्ट नीतिगत मार्गदर्शन नहुँदाको परिणाम हुन् । नीति नेतृत्वलाई अनुमान, भावनात्मक प्रतिक्रिया, राजनीतिक दबाबभन्दा पनि कर्तव्य, मापदण्ड र संस्थागत जिम्मेवारीको दायरामा काम गर्न बाध्य बनाउँछ । तेस्रो, नीति राज्यको संस्थागत स्थायित्वको मेरुदण्ड हो । नेतृत्व बदलिनु स्वाभाविक प्रक्रिया हो, तर नेतृत्वका साथसाथै राष्ट्रिय प्राथमिकताहरू पनि बदलिन थाल्यो भने राज्यको आधार नै कमजोर हुन्छ । नीति स्थिर रहँदा नेतृत्व जति फेरिए पनि देशले पछ्याउनुपर्ने रणनीति, योजना र मार्गचित्र यथावत् रहन्छ । विदेशका विकसित लोकतन्त्रहरूमा एक सरकारबाट अर्कोमा परिवर्तन हुँदा पनि मूल नीतिहरू-शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, राष्ट्रिय सुरक्षा-जस्ताको तस्तै रहने उदाहरण यही सिद्धान्तमा आधारित छ ।***

कुनै पनि राष्ट्रको राजनीतिक यात्रामा नेतृत्वको भूमिका मूल आधारका रूपमा उभिन्छ । नेतृत्वले राज्य सञ्चलनको दिशा, गति र गन्तव्य तय गर्छ । नेतृत्वको प्रभावकारिता केवल व्यक्तिको लोकप्रियता, प्रभाव, भावनात्मक अपील वा भाषण शक्तिमा निर्भर हुँदैन । नेतृत्वको वास्तविक शक्ति स्पष्ट, दिगो र जनमुखी नीतिमा टेकेको हुन्छ । नीति विना नेतृत्व केवल भावनामा, परिस्थितिमा र क्षणिक निर्णयमा चल्ने अस्थिर संरचना बन्छ । आजको परिवर्तित विश्व परिदृश्यमा जहाँ राजनीति निरन्तर जटिल हुँदै गएको छ, त्यहाँ नीति-आधारित नेतृत्व राष्ट्रहितको अनिवार्य पूर्वशर्त बनेको छ । नेपालजस्तो संक्रमणकालीन राजनीतिक अनुभव बोकेको देशमा त नीति झनै गहिरो आवश्यकताका रूपमा उभिन्छ, राज्यलाई स्थिरता, दीर्घदृष्टि र सक्षम संस्थागत संरचना दिन सक्ने एकमात्र आधारको रूपमा । सबभन्दा पहिले, नीति नेतृत्वको यात्रालाई मार्गदर्शन गर्ने दिशा-सूचक यन्त्र हो । राजनीतिक नेतृत्वमा कुनै पनि निर्णय खाली व्यक्तिगत सोच, तत्कालीन लाभ वा लोकप्रियताको दबाबमा लिन मिल्दैन । राज्यको सञ्चालन दीर्घकालीन लक्ष्यसँग जोडिएको हुन्छ । आर्थिक नीति, शैक्षिक सुधार, स्वास्थ्य व्यवस्था, पूर्वाधार विस्तार, वैदेशिक सम्बन्ध वा प्रशासनिक प्रणाली-यी सबैले एउटै प्रश्न दोहोऱ्याएर सोध्छन्, 'देश कुन बाटोतर्फ जाँदैछ ?' यसको उत्तर केवल नीतिमार्फत स्पष्ट हुन्छ । नीति नभएकै कारण नेपालमा सरकारले पटक-पटक प्राथमिकता बदल्ने, अधुरा योजना छाड्ने, नयाँ नेतृत्वसँगै पुराना निर्णय उल्ट्याउने जस्ता समस्याहरू देखिन्छन् । यस्ता कार्यशैलीले राष्ट्रिय विकास बिथोलिन्छ, जनताको भरोसा कमजोर हुन्छ र राजनीतिक प्रणालीप्रति असन्तोष व्यापक बन्छ । विश्वका सफल राष्ट्रहरूले नेतृत्वलाई व्यक्तिमुखी बनाउने प्रयास नगरी, प्रणालीमुखी बनाएका छन्-जहाँ नीति स्थिर हुन्छ र नेतृत्व त्यसैनुरूप काम गर्ने जिम्मेदार संयन्त्र । दोस्रो पक्ष, नीति नेतृत्वलाई उत्तरदायित्वको आधारमा बाँध्छ । लोकतन्त्रमा नेतृत्व जनतासामु जिम्मेवार हुन्छ, तर त्यो जिम्मेवारी कति प्रभावकारी भयो भन्ने मूल्यांकन मापन गर्ने मानक नीति नै हो । यदि सरकारले पाँच वर्षमा के पुऱ्याउने भनेर लक्ष्य नै राखेन भने उपलब्धि के थियो र कमजोरी के हो भन्ने प्रश्न अस्पष्ट रहन्छ । नीति सार्वजनिक प्रतिबद्धता भएकाले नेतृत्वलाई पारदर्शिता र जवाफदेहितातर्फ लैजान्छ । नेपालमा सरकार बदलिँदा योजनाहरू कागजमै सीमित रहनु, नीति कार्यान्वयनमा कमजोरी देखिनु वा नेतृत्वको प्रभावकारिताबारे जनमत विभाजित हुनु-यी सबै उदाहरण स्पष्ट नीतिगत मार्गदर्शन नहुँदाको परिणाम हुन् । नीति नेतृत्वलाई अनुमान, भावनात्मक प्रतिक्रिया, राजनीतिक दबाबभन्दा पनि कर्तव्य, मापदण्ड र संस्थागत जिम्मेवारीको दायरामा काम गर्न बाध्य बनाउँछ । तेस्रो, नीति राज्यको संस्थागत स्थायित्वको मेरुदण्ड हो । नेतृत्व बदलिनु स्वाभाविक प्रक्रिया हो, तर नेतृत्वका साथसाथै राष्ट्रिय प्राथमिकताहरू पनि बदलिन थाल्यो भने राज्यको आधार नै कमजोर हुन्छ । नीति स्थिर रहँदा नेतृत्व जति फेरिए पनि देशले पछ्याउनुपर्ने रणनीति, योजना र मार्गचित्र यथावत् रहन्छ । विदेशका विकसित लोकतन्त्रहरूमा एक सरकारबाट अर्कोमा परिवर्तन हुँदा पनि मूल नीतिहरू-शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, राष्ट्रिय सुरक्षा-जस्ताको तस्तै रहने उदाहरण यही सिद्धान्तमा आधारित छ । नेपालमा भने नेतृत्व परिवर्तनसँगै मन्त्रालयका प्राथमिकतादेखि विकास आयोजनासम्म प्रभावित हुने, राजनीतिक हस्तक्षेप बढ्ने र संस्थागत निरन्तरता खल्बलिने समस्या देखिन्छ । यसैले, दीर्घकालीन नीति राष्ट्रलाई कुनै पनि व्यक्तिको हातबाट प्रभावित हुन नदिने सुरक्षा कवच हो । चौथो, नीति नेतृत्वको नैतिक दिशा-निर्देशक हो । राजनीति केवल शक्ति प्राप्तिको माध्यम होइनस त्यो आचरण, मूल्य, सेवा, समर्पण र जनताप्रति जबाफदेहिताको संयोजन हो । जब नीतिहरू नैतिकता र सार्वजनिक हितका आधारमा निर्माण हुन्छन्, तब नेतृत्व दुरुपयोग, भ्रष्टाचार, अनियमितता र मनोमानीबाट जोगिन्छ । स्पष्ट नीति भएको नेतृत्वले पदबाट लाभ लिन खोज्दैन, बरू पदमार्फत् राज्यलाई सेवा दिने संस्कारमा अडिन्छ । नेपालमा विगत लामो समयदेखि देखिँदै आएको भ्रष्टाचार, नातावाद, अकर्मण्यता र जनविश्वास घट्दै जाने समस्या मूलत: नीतिगत कमजोरी, अस्पष्टता वा अनुपालन नहुनुबाट उत्पन्न भएको हो । नीति नेतृत्वलाई सीमाभित्र सुरक्षित रूपमा काम गर्न प्रेरित गर्छ र सार्वजनिक साधन-स्रोतको उपयोगमा अनुशासन स्थापित गर्छ । पाँचौं, नीति नेतृत्वलाई समावेशी, न्यायपूर्ण र भविष्यदर्शी बनाउँछ । नेतृत्वले केवल वर्तमानका समस्यामा अल्झिएर बस्यो भने देशले भविष्यका अवसर गुमाउन सक्छ । जलवायु संकट, प्रविधिगत परिवर्तन, रोजगारी अभाव, असमानता, युवाको पलायन, अन्तर्राष्ट्रिय राजनयिक प्रतिस्पर्धा यी सबै चुनौती रणनीतिक नीतिविना समाधान हुन सक्दैनन् । समावेशी नीति अपनाउँदा राज्यका निर्णय प्रक्रियामा महिला, दलित, आदिवासी-जनजाति, अपांगता भएका व्यक्ति, युवा, सीमान्तकृत समुदाय तथा दुर्गम क्षेत्रका आवाज समाहित हुन्छन् । यसरी नीति नेतृत्व र जनताबीचको पुल बन्न जान्छ, जसले शासन प्रणालीलाई केवल प्रशासनिक नभई सामाजिक रूपमा पनि सन्तुलित बनाउँछ । छैटौं, नीति नेतृत्वलाई वैज्ञानिक, तथ्य-आधारित र व्यावहारिक बनाउँछ । देशको स्रोत-साधन, भौगोलिक अवस्था, अर्थतन्त्र, जनसंख्या, बजार गतिशीलता र अन्तर्राष्ट्रिय परिवेश बुझेरमात्रै प्रभावकारी निर्णय लिन सकिन्छ । नीतिको निर्माण विस्तृत अध्ययन, तथ्य संकलन, विशेषज्ञता र विश्लेषणमा आधारित हुन्छ, जसका कारण नीतिमा बनेका निर्णय व्यावहारिक र दीर्घकालीन हुन्छन् । भावनामा वा दबाबमा लिएर बनाइएका निर्णयले राज्यलाई अस्थिर बनाउँछस तर वैज्ञानिक आधारमा घडिएका नीतिले दोहोरो योजना, अनावश्यक खर्च र प्रशासनिक विवादलाई पनि कम गर्छ । सातौं, नीति नेतृत्वलाई अन्तर्राष्ट्रिय स्तरमा विश्वसनीय बनाउने माध्यम हो । कुनै-कुनै राष्ट्रसँग राजनीतिक सहकार्य, लगानी, व्यापारिक सम्बन्ध वा विकास साझेदारी विस्तार गर्न विश्वास सबैभन्दा महत्वपूर्ण तत्व हो । विश्वले विश्वास गर्छ त्यही नेतृत्वमा जुन अनुशासित, स्थिर र स्पष्ट नीतिमा आधारित हुन्छ । बारम्बार निर्णय बदल्ने, नियमनभन्दा बाहिर काम गर्ने वा व्यक्तिगत स्वार्थमा चल्ने नेतृत्वलाई विश्व समुदायले गम्भीरतापूर्वक लिँदैन । नेपालमा विदेशी लगानी ढिलो बढ्नु, दीर्घकालीन परियोजना अघि नबढ्नु वा साझेदारीमा अनिश्चितता हुनुमा राजनीतिक अस्थिरताको मात्र होइनस नीतिगत अविश्वस्तताको पनि ठूलो भूमिका छ । आठौं, नीति संकट व्यवस्थापनका लागि नेतृत्वलाई सक्षम र तयार बनाउने आधार हो । महामारी, भूकम्प, आर्थिक गिरावट, राजनीतिक तनाव, सामाजिक असन्तोष, यस्ता संकटहरू कुनै पनि राष्ट्रमा आउन सक्छन् । तर, संकटको सामना नेतृत्वले कति प्रभावकारी ढंगले गर्छ भन्ने कुरा नीति कति स्पष्ट छ भन्नेबाट निर्धारण हुन्छ । संकट व्यवस्थापनका लागि आवश्यक प्राथमिकता, पूर्वतयारी, साधन-स्रोत, समन्वय र प्रतिकृया प्रणाली सबै नीतिमा प्रस्ट हुन्छन् । नीति नभए संकटका बेला नेतृत्व हतार-हतार गलत निर्णय लिन सक्छ, जसको मूल्य सामान्य नागरिकले चुकाउनुपर्छ । तर, नीति-संरक्षित नेतृत्व छिटो, संयमित र दूरदृष्टियुक्त कदम चाल्न सक्षम हुन्छ । अन्तत:, नीति इतिहासमा नेतृत्वको मूल्यांकन गर्ने स्थायी दस्तावेज हो । नेतृत्वको प्रभाव केवल पदमा बसेको अवधि वा लोकप्रियताको आधारमा होइन, त्यसले बनाएको नीतिका परिणामबाट मापन हुन्छ । मानव विकास, सामाजिक न्याय, आर्थिक समृद्धि, राष्ट्रिय एकता, सांस्कृतिक पहिचान-यी सबै नीतिका फल हुन् । नेतृत्व त आउँछन् जान्छन्, तर नीति राष्ट्रको भविष्यमा स्थायी धरोहर बन्छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विभिन्न क्षेत्रमा सफलता मिल्नेछ। व्यापारमा राम्रै धनलाभ पनि हुनेछ । | **तुला** : आज महत्वपूर्ण कामको थालनी हुनेछ । लक्ष्मी प्रसन्न हुने योग छ । |
| **वृष** : राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि हुनेछ । | **वृश्चिक** : नयाँ काम सुरु गर्ने समय छ । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **मिथुन** : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । | **धनु** : मित्रबाट विशेष सहयोग मिल्नेछ। लाभदायक यात्रा पनि होला । |
| **कर्कट** : आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । | **मकर** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। प्रेम सम्बन्ध कसिलो हुनेछ। |
| **सिंह** : रोकिएका अधुरा काम पुन: सुचारु भइ आम्दानी प्राप्त हुनेछ । | **कुम्भ** : घरमा अतिथिको आगमन हुनेछ। संगीतमा रुचि पनि बढ्नेछ । |
| **कन्या** : आज नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । | **मीन** : आज स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ । |




कथा ● महेश पौड्याल

# सपनाको पुल



मुगु कर्णालीको किनारमा ती दुई दाजुभाइ खेलेको सबैले देखे, तर के खेल्दैथे धेरैलाई त्यति चासो भएन । हामी भने केही बेर त्यहीँ बसेर थकाइ मार्ने विचारमा थियौँ । त्यसैले उनीहरूको खेलमा ध्यान दियौँ । सेरीको त्यस दुर्गम गाउँमा अझै गाडी पुगेकै थिएन । अलि तल, तुइनबाट कर्णाली वारिपारि तर्न खोज्दा उनीहरूकी आमा नदीमा खसेर मरेको उनीहरूलाई थाहा थियो । आमाको लाश पनि भेटिएको थिएन र यो घटना घटेको एक वर्षजति भइसकेको थियो । हामीले निकैबेर हेर्‍यौँ उनीहरूलाई । उनीहरू मुगु कर्णालीमा फूलपाती चढाइरहेका थिए । पूजा गरिरहेका थिए । हामी छेउमा पुगको सुइँको पाएपछि उनीहरू त्यहाँबाट भागे । हामीमाध्ये एक, न्युजिल्याण्डका नागरिक साइमण्ड थिए । उनले खै के हो देखाएपछि ती बच्चाहरू नजिक आए । हामीले कुरा गर्‍यौँ । नाम थर सोधेपछि हामीले सोध्यौँ, “यो नदीमा तिमीहरूले के गरेको ?” “पूजा !” उनीहरूमध्ये कान्छाले जवाफ दियो । “किन पूजा गरेको ?” प्रश्न जटिल थियो । उनीहरू केहीबेर अकमकिए । केहीबेर पछि जेठोचाहिँले बोल्यो, “अङ्कल, तपाईंहरू काठमाडौँबाट आउनुभाको हो ?” “हो,” मैले जवाफ दिएँ । “काठमाडौँमा ठूला देउता छन् अरे हो पशुपतिमा ?” “अँ, हो नि, पशुपतिनाथ बाबा ।” ऊ केही बेर फेरि रोक्कियो । उसले साइमण्डको क्यामेरालाई धेरैबेर हेर्‍यो, अनि मतिर फर्केर भन्यो, “हाम्रो आमालाई खोलाले बगाको ।” हामीले दु:ख प्रकट गर्‍यौँ । तर मेरो प्रश्न र उसको जवाफमा तालमेल थिएन, म अमल्लिएँ । “हाम्रो मुगुमा पनि देउता छन्, तर ती साना छन् ।

पशुपतिनाथ त ठूला देउता हुन् है ।” “अँ, हुन् नि !” ऊ केही भन्न चाहन्थ्यो मसँग । साइमण्ड कान्छोसँगै खेल्न थाल्यो, फोटो खिच्दै, केही कुरा सोध्दै । उसको कुरो उल्था गर्न अन्य साथीहरू तम्तयार थिए । “अनि कि, अङ्कल ! यो हाम्रो नदी काठमाडौँ पुग्छ है । है नि, यो मुगु कर्णाली छ नि, यो तल गएर ठूलो कर्णालीमा मिसिन्छ अनि काठमाडौँ जान्छ । अनि पशुपति पुग्छ है ।” मैले जवाफ दिइनँ । त्यो उसको सामान्य ज्ञान थियो । कसैले भनिदिएको हुनुपर्छ । म उसको कथा सुन्न चाहन्थेँ । “है, छ नि अङ्कल, हामी त काठमाडौँ जान सक्दैनौँ । अनि यो हामीले पूजा गरेका फूलपाती छ नि, त्यो बग्दै बग्दै पशुपतिमा पुग्छ अनि ठूला देउता खुशी हुन्छन् । अनि त हाम्रो गाउँमा पनि गाडी आउँछ । अनि पुल पनि बन्छ । अनि त तुइनमा खोलो तर्नु पर्दैन । है अङ्कल !” मैले उसको अनुहारमा हेरिरहेँ । ऊ निर्दोष थियो । उसको अनहारमा खुशीको आलोक थियो, ठूलो काम गरेकोजस्तो गौरवबोध थियो । ऊ समाजको मुख फेर्न कम्मर कसेर लागेको थियो, र ऊबाट जे सम्भव थियो, त्यही गरिरहेको थियो । “कति दिनदेखि तिमीहरू पूजा गरिरहका छौ यहाँ ?” “अँ, पाँच महिना भयो होला । है, नि, अहिले त पानी परेको छैन, हाम्रो फूलपाती मज्जाले बग्दैन । पछि त पानी आउँछ, अनि यो खोलामा भेल आउँछ । अनि त पुग्छ नि हाम्रो

> ***पशुपतिनाथ त ठूला देउता हुन् है ।” “अँ, हुन् नि !” ऊ केही भन्न चाहन्थ्यो मसँग । साइमण्ड कान्छोसँगै खेल्न थाल्यो, फोटो खिच्दै, केही कुरा सोध्दै । उसको कुरो उल्था गर्न अन्य साथीहरू तम्तयार थिए । “अनि कि, अङ्कल ! यो हाम्रो नदी काठमाडौँ पुग्छ है । है नि, यो मुगु कर्णाली छ नि, यो तल गएर ठूलो कर्णालीमा मिसिन्छ अनि काठमाडौँ जान्छ । अनि पशुपति पुग्छ है ।” मैले जवाफ दिइनँ । त्यो उसको सामान्य ज्ञान थियो ।***

फूल पशुपतिमा । अति त हाम्रो गाउँमा गाडी आउँछ ।” मैले सम्झेँ, त्यसै बेला उसकै उमेरका बच्चाहरू काठमाडौँमा इन्टनेट च्याट गरिरहेका होलान् र कोही डेडी मम्मीसँग रेष्टुरेन्ट गएको होलान् । ऊ भने सिङ्गो समाजको मुख फेर्न मिहिनेत गरिरेहेको थियो । त्यस महान योद्धाको निरर्थक प्रयासमा मैले हाम्रो देशमा सम्पूर्ण विडम्बनाहरू एकै ठाउँ थुप्रो लागेर बसेको देखें । जाने बेला मैले फेरि सोधेँ ऊ ठूलो भएर के बन्न चाहान्छ । “म, म मेरो गाउँमा गाडी ल्याउँछु । यो नदीमा पुल हाल्छु र सप्पै तुइनहरू चुँडाइदिन्छु । अनि आमाहरू नदीमा खसेर मर्दैनन् ।” “ती त नेताले गर्ने काम हैनन् र ? तिमी नेता बन्ने ?” “हैन अङ्कल ! नेता बन्ने हैन । नेताले गर्दैन । नेता त उता गएपछि उतै बस्छ, यता आउँदैन । यहाँ म र मेरो भाइले गर्ने,” उसको जवाफ स्पष्ट थियो । मैले गम्लङ्ग अँगालो हालेँ उसलाई । ओठमा शब्द थिएनन् दुवैमा । अँ, धडकनहरूमा एउटा विचित्रको संवेग अनुभव गरेँ मैले । यसो लगाएको लुगको बगली छामेँ । कलम रहेछ । त्यहीँ निकालेँ र उसलाई दिएँ । उसले तिखा आँखाले मेरा आँखामा हेर्‍यो । उसको हातमा मैले थमाइदिएको कलम विना शब्द केके भनिरहेको थियो । नजिकै मुगु कर्णाली आफ्नै लयमा सुसाइरहेको थियो । साइमण्ड पनि भाइसँगको छोटो संवाद सकेर मेरो छेउ आए र भने, “जाऔँ ।” हामी मुटुमा गाँठो पारेर बाटो लाग्यौँ । बच्चाहरू पूजामा फर्किए । अलि माथि पुगेपछि साइमण्डले सोधे, “के दियौ त फुच्चेलाई ? केही दियौ ?” “मसँग अरू खास केही थिएन ।

साथमा भएको एक जोडी गगल्स दिएँ । अहिले त त्यति ठीक नहोला, ठूलो भएर लाउँछ ।” “कालो ?” मेरो मुखबाट अनायासै फुत्कियो । “म्म । किन र ?” म बोलिनँ । हामी केही कदम अगाडि बढ्यौँ । अलि तल पुगेपछि भनेँ, “एउटा पाकेट डायरी दिएको भए हुन्थ्यो ।” उनले आश्चर्यमिश्रत दृष्टिले हेरे मलाई । मैले मनमनै सोचेँ, ...उनले डायरी दिएको भए हुन्थ्यो । भाइको डायरी र दाइको कलम...त्यसमा केही नयाँ अवश्य हुन सक्थ्यो ।! फर्केर हेर्दा बचाहरू एउटा थुम्कोपछि छेल्लिइसकेको थिए, माथि कतै ।

***-समकालीन साहित्य डटकम***

निबन्ध ● डा. शैलजा पोखरेल

# प्याजको गुदी

> ***राजनीतिक पार्टीहरूलाई एकपटक हेरौँ न त नहेरौँ भने पनि तिनै छन् अहिलेका जल्दाबल्दा, तिनै छन् राजा, राजाको गुनगान नगाई कसरी प्रजाको मात्र गाएर सक्नु हैन त ! फेरि अपुग पो ठहर्ला कि! ती राजाको पत्र पनि प्याजकै जस्तो हुँदो रैछ । कुनै त गुदीदेखि बिग्रिने क्रममा आएका होलान् कतिमा त गुदीजति सबै काम नलाग्ने भएर बोक्राले मात्र प्याजको गुण बोकेका पनि होलान् । बाहिर सर्दै जाँदा सबैभन्दा पछ्याडिसम्म जस्ताको तस्तै देखिएर बोक्रा बसेको हुँदो रैछ ।***

प्याजको महिमा कमैलाई थाहा होला ! ‘बाहुनले च्याउ खाओस् न च्याउको बात जानोस्’ भन्ने कथन नेपाली समाजमा पहिलेको जमानामा व्याप्त भएझैं ‘बाहुनले प्याज खानु हुँदैन’ भन्ने भनाइ पनि व्याप्त भएकै हो । आफू परियो बाहुन नै कसरी भेट्नु प्याज ! अझ प्याजको गुदी त कस कसले भेटेको छ, कोनि ! मलाई चाहिँ प्याजको गुदी चिन्न गाह्रै छ । हुन त बन्दाकोबी पनि त्यस्तै होला गुदी मैले चाहिँ कहिल्यै भेटेकी छुइनँ तर, बन्दासँगै गन्दा पनि आउने हुनाले बन्दाको गुदी मैले कहिल्यै खोजी गरिनँ । प्याज भने चट्पटे, पानीपुरी, घुघुनी, समोसा, म:म: सबैलाई मिठो बनाउने तत्त्व थियो तर, हामी हुर्केका समाजको वा हाम्रा घरको खबर भने अनौँठो थियो । कहिले काहीँ आमा (हजुरआमा) ले तरकारी ल्याउँदा पसल्नी दिदीले हतारमा हो कि झुक्केर हो वा यहाँ एउटा दुइटा प्याज हालिदिए कस्तो होला भनेर जाँच गर्ने रहरले हो, आमाको तरकारीमा प्याज हालिदिने गर्दी रहिछन् । आमालाई त्यसको भनक थियो कि थिएन कोनि! हामी केटाकेटी भने आमाको पोको खोलेर हेर्न तानातान गर्थ्यौं। केटाकेटीको जङ्गली व्यवहारले कहिले काहीं गाली खाएर एउटा छेउमा गएर आमाको झोलामा आँखा ताकेर बसिराख्थ्यौं। प्याज घरमा भित्रियो भने धराने चट्पटेमा पल्केका हाम्रा आँखामा संसरकै सबैभन्दा लोभलाग्दो फल भेटेजस्तो हुन्थ्यो । त्यस्तो त लोभ त आँप पाकेका बेला पनि लाग्दैन थियो । सबै आप किरा पर्ने बेलामा एउटा सग्लो आप भेट्ता हामी जति खुसी हुन्थ्यौं, त्योभन्दा धेरै खुसी हामी त्यो एक दानो प्याज भेट्ता हुन्थ्यौं । हाम्रा घरमा त प्याज खानेका कथा पनि अनौँठा बनेका छन् । एउटा भनौँ है ! काठमाडौँमा हामीहरूको जस्तो अनुशासनभन्दा अलि पर हुर्केकी हाम्री एउटी बहिनी (चेतना) धरान गएकी थिई । हामीले प्याजको दानामा हारालुछ गरेको उसलाई पनि सारै रमाइलो लागेछ र त्यो गर्नु पर्छ नै भन्ने ठहर उसको पनि भएछ । एकदिन आमाले ल्याउनु भएको आलुको पोकामा एउटा प्याज परेको रैछ, उसैले भेटिछे । हामीले पनि त्यो थाह पायौँ र उसको पछि लाग्यौँ । चेतना हातमा प्याज लिएर अघि लागी । पैँतालिस सालको भुईंचालोअघिको पुरानो माटाको गारो भएको हाम्रो धरानको घर, झ्यालका डिलमा मान्छे पलेँटी मारेर बस्न सकिन्थ्यो । त्यहीँ गएर चेतना मज्जाले राजा बसे जस्तै गरी पलेटी मारेर बसी । उसको बोली अलि बुढी आमाको जस्तो थियो, “तिमरु खान्छौ? आओ” भनी । हामी “हुन्छ” भन्दै उभन्दा ठिक तल गएर एक टकले प्याजको दानो हेरेरै बस्यौं । उसलाई हामीहरूले गरेको प्याजको हारालुछ थाह थियो तर, प्याजको महत्व थाह थिएन । त्यसैले होला एकछिन प्याको डल्लोलाई वरिपरि घुमाएर हेरी । के सोची कोनि अनि भनी, “तिमीहरूलाई म बोक्रा दिन्छु, म चाहिँ गुदी खान्छु है” । हामीले सहर्ष स्वीकार्‍यौँ उसको प्रस्ताव । उ तास्तै गई, “यो बोक्रा यस्लाई, यो बोक्रा उसलाई” भन्दै हामीलाई भाग लगाउँदै बाँड्दै गई । हामी पनि रमाई रमाई पालै पालो प्याजको बोक्रा खाँदै गयौं । धेरै बेरसम्म बोक्रा मात्र आएर गुदी नआउँदा उसलाई चिन्ता लागेछ क्यारे, “यति चैं म खान्छु है” भनेर बिचको सानो सेतो भाग देखाई । हामीले पनि खुसी साथ ‘हुन्छ’ भन्यौँ र चेतनाको प्याजको गुदी सबैलाई सुनायौँ । बिचारी चेतना सानो गुदी खाएर दङ्ग परी । चेतनाले एउटा गुदी

हरेक व्यावसायिक संस्थाहरू, हरेक राजनीतिक दलभित्र देखिँदो रैछ । प्याजका गुदी एउटै दानाभित्र दुई तिन ओटा हुँदा त्यसलाई हाल्ने घेरा फरक फरक हुँदो रैछ । पत्रै पिच्छे त्यो बोक्रामा गुदीको भन्दा फरक रङ्ग हुँदो रैछ र जति जति बाहिरको बोक्रातिर गयो उति उति प्याजमा प्याजी रङ्ग र स्वादमा तिखोपन पनि बढ्दै जाँदो रैछ र सबैभन्दा बाहिरी घेरामा एउटा तिखो पत्र हुन्छ र त्यसले एउटा प्याजलाई सिङ्गो बनाउने काम गर्दो रैछ । त्यो पत्र भने भित्र गुदी र तिनका घेरा जति भए पनि एउटै हुँदो रहेछ र त्यही घेराले भित्रका अनेक गुदी र घेरालाई सिङ्गो बनाउने काम गर्दो रहेछ । बाहिरी घेराभन्दा बाहिर कतिपयमा सुख्खा बोक्रा हुँदा रहेछन्, कतिपयमा त त्यो पाटो नै हुँदैन रैछ । यदि सुख्खा बोक्रा छन् भने ती सबैलाई आफ्नै ठान्ने बाहिरी बोक्रो सुरक्षित रहँदो रैछ हैन भने सबैले पहिले त्यसलाई निकालेर फाल्दा रैछन् अनि प्याज काट्ने हो कि यसै खाने हो, सुरु गर्दा रहेछन् । त्यस्तै रैछ कुनै ठुलो परिवारमा पनि बाहिरी बोक्रा झरेपछि भित्रका अनेक गुदी र गुदीका बोक्राहरूका तह बेग्ला बेग्लै रूपले देखिन्छन् र अचम्म चाहिँ के रैछ भने ती गुदी र बोक्राको युनिटीको आकार प्याजको जस्तो सग्लो हुँदैन रैछ । यदि एउटा गुदीमा बिगार पर्यो भने विस्तारै ठिक्क त्यसको बाहिरी बोक्रामा बिगार सल्किँदो रैछ अनि अर्को गर्दै जाँदा अर्को गुदीसम्म भित्रभित्रै बिग्रेर बाहिरको दानो सग्लो देखिँदो रैछ । कसैले त्यो दानो समाउन खोज्यो भने मात्र त्यो प्याज भित्रभित्रै बिग्री सकेको थाह पाउँदो रैछ । ठ्याक्कै प्याजकै दानाको जस्तो व्यवस्था हरेक सङ्गठनको हुँदो रैँ । राजनीतिक पार्टीहरूलाई एकपटक हेरौँ न त! नहेरौँ भने पनि तिनै छन् अहिलेका जल्दाबल्दा, तिनै छन् राजा, राजाको गुनगान नगाई कसरी प्रजाको मात्र गाएर सक्नु हैन त ! फेरि अपुग पो ठहर्ला कि! ती राजाको पत्र पनि प्याजकै जस्तो हुँदो रैछ । एउटा दानो प्याज, एउटा पार्टी, त्यो दानो अवस्थै सग्लो छैनह अगि भने झैँ अनेकौ गुदी र गुदीका बोक्राहरूको संरचनामा त्यो पनि अनुहार बिग्रेका बसेका होलान्! कुनै बाहिरी झल्ले बोक्राहरूले बाँधेर एउटै भए झैँ । कुनै त गुदीदेखि बिग्रिने क्रममा आएका होलान्! कतिमा त गुदीजति सबै काम नलाग्ने भएर बोक्राले मात्र प्याजको गुण बोकेका पनि होलान् । बोक्राले धानेको सत कतिञ्जेल टिक्ला र! गुदी बिग्रेर बाहिर सर्दै जाँदा सबैभन्दा पछ्याडिसम्म जस्ताको तस्तै देखिएर बोक्रा बसेको हुँदो रैछ । बिचरा प्याजको रस वा स्वाद र फाइदाबाट पर बसेको बोक्रो सग्लो देखेर बाहिरबाट कसैले टिप्न खोजे

जिन्दावाद र मुर्दावाद अनि ढुङ्गा र गाली बर्साई राखेको हुन्छ । अलि भित्रका बोक्रा परे भने ती एकछिन अगाडि लाग्दा रहेछन् र अशुरक्षा देख्नासाथ बोक्राको भित्रपट्टि लुकेर बस्ता रहेछन् । अझ भित्रका बोक्रा भए ती मञ्चमा र त्यसको वरपर बसेका हुँदा रहेछन् । केही हानि देखिहाल्यो भने गुदी बचाउने निउँले भाग्ने लुक्ने के गर्ने हो त्यही गर्न थाल्दा रहेछन् । अब गुदीको पालो भेला भएका ठाउँमा एउटा तोकिएको समयमा जाने सबै तहका बोक्राहरूको सुरक्षामा बस्नेह आफ्ना तहगत बोक्राको भाउ जाँच्ने र एउटा बाहाना बनाएर छिट्टै त्यहाँबाट भाग्दा रहेछन् । भनौँ नभनौँ यी गुदी अत्यन्तै स्वार्थी हुँदा रहेछन् । अब भन्नुहोस् कुनै पनि प्याजमा गुदी भनेको कम स्वादको हुन्छ, त्यही गुण राजनीतिक पार्टीका नेताको पनि हुन्छ । तिनको गुदी स्वादिलो भएको भए आृनो पन कसरी छोड्थे होला र! अनि कसरी सजिलै हिजोसम्म बोक्रासम्म सत्रु पार्टी भनेर चिनिएको अर्को गुदीको घेरामा समान रूपमा मिल्न सक्थे होला र! हैट के के हो के के! त्यसै भएर पो होला शंकर लामिछानेको चिन्तन पनि प्याजमै थियो । अब हेर्नुस् त्यो प्याजको दानो आमाले ल्याउने आलुको पोकामा घरमा आयो भने के होला ? प्याजको गुदी मात्र मन पराउने चेतनाले भेटेको गुदीमा को आउला ! कुनै स्वार्थी नेता? प्याजको गुदी भनेको त अरू फलफुलको गुदीजस्तो सबैभन्दा मिठो भाग नभएर सबैभन्दा नमिठो भाग पो हुँदो रैछ । धन्न चेतनाले ‘गुदी चाहिँ म खान्छु ल’ भन्दा सहर्ष स्वीकारेछौँ । नत्र कुन स्वार्थी नेता हाम्रो पेटमा, घाटीमा वा आत्मामा पुग्ने थियो होला! हामीले खाने प्याजको बोक्रामा कस्तो स्वाद आउला त! अब त्यसलाई मसिनो काटेर भुटिभात, समोसा, चटपटे, म:म: मा हाल्दा के होला! ती पनि स्वार्थी नै पर्ने त भए नि । उर्लेर जिन्दावाद, मुर्दावाद भन्ने र अस्तित्त्व धान्ने पाटो त बाहिरी बोक्रा रैछह त्यसैले त्यो नफाली त प्याज खाने कुरै भएन । अब हामीले खाएका बोक्रामा बचेका ती अगुवा, भिँडलाई आफू केन्द्री बनाउने र बाहिरी खतरा आइपरे त्यही बोक्राको भित्र सुटुक्क लुकेर बस्ने परे कि! कि अर्को बोक्रा परे ? झन गुदी बचाउने नाममा खतराबाट पर गुदीकै गाडी चढेर भाग्ने परे । हैट यति विचार गरेपछि प्याज त खान्न होला अब ! त्यो प्याज कसरी खान लायक होला ! यसरी प्याजको बोक्रा निकाल्दा पो थाह भयो हाम्रा घरमा किन प्याज आउँदैन थियो ? त्यसैले पनि बाहुनले प्याज खान हुँदैन भन्थे भन्ने होला !

***-समकालीन साहित्य डटकम***

# आज अन्तर्राष्ट्रिय आप्रवासन दिवस मनाईंदै




**पाल्पा,** पुस २/आज डिसेम्बर १८ अर्थात् अन्तर्राष्ट्रिय आप्रवासी दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ । नेपालमा सरकारी, गैरसरकारी, निजी क्षेत्र, ट्रेड युनियन, नागरिक सामाज र आप्रवासी श्रमिक तथा श्रमिकका परिवारले विभिन्न जनचेतनामूलक कार्यक्रम गरी यो दिवस मनाइँदैछन् ।

सन् १९९० मा विश्व आप्रवासी कामदार र उनीहरूका परिवारको हकअधिकार संरक्षणका लागि संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय महासन्धी पारित गरेको दिनको सम्झनामा हरेक वर्षको १८ डिसेम्बरमा अन्तर्राष्ट्रिय आप्रवासन दिवस मनाउने गरिएको हो । अहिले विश्वका झण्डै २५ करोड ८० लाख मानिस आप्रवासीका रुपमा रहेका छन् । विश्वव्यापीकरण, औद्योगिकीकरण, सूचना र सञ्चारको विस्तारसंगै अन्तर्राष्ट्रिय स्तरमा आप्रवासीको संख्या बढ्दै गएको छ । राजनीतिक अस्थितरताका कारण नेपालमा पछिल्लो समयमा रोजगारीका लागि विदेशिनेको संख्या बढेको श्रम तथा रोजगार मन्त्रालयले जनाएको छ । रोजगारी र जीविकोपार्जनका लागि अर्को देशमा गई बस्ने प्रक्रियालाई आप्रवासन भनिन्छ । आप्रवासी कामदारहरुमा चेतना जगाउने, आप्रवासी कामदारहरुलाई सम्बन्धित देशका घरेलु कामदारलाई जस्तै मान्यता र सुरक्षा प्रदान गर्नुपर्ने सन्देशसहित विश्वभर यो दिवस मनाउने गरिन्छ । विदेशमा काम गर्न जाँदा आप्रवासी कामदारमाथि पारिश्रमिक तथा अन्य सेवा सुविधा, न्यूनतम मानव अधिकार, विदेशी नागरिक भएको कारण विभेद नहोस् भन्ने उद्देश्य यो दिवसको रहेको छ । विशेष गरी नेपालीहरुको गन्तव्य खाडी मुलुकहरु र मलेशिया, दक्षिण कोरिया, पूर्वी अमेरिका हो । नेपालीहरु कामकै लागि यूरोप सहित विश्वका १९० वटा देश पुग्दै आएका छन् । यस्तो अवस्थामा आप्रवासी नेपाली कामदारहरुले दैनिक रुपमा अनेकौं समस्याको सामना गर्दै आएका छन् । आप्रवासी कामदारले भित्र्याएको विप्रेषणले उनीहरुको मात्रै होइन पुरै देशकै आय श्रोतमा बढोत्तरी भएको छ ।

# प्रभु बैंक पाल्पा शाखाद्वारा विद्यार्थीलाई वित्तिय साक्षरता

## विद्यालयलाई 'वाटर डिस्पेन्सर' सहयोग



**पाल्पा,** पुस २/प्रभु बैंक लिमिटेड पाल्पा शाखाले जिल्लाको एक विद्यालयका विद्यार्थीहरुलाई वित्तिय साक्षरता प्रदान गरेको छ । बैंकले रिब्दीकोट गाउँपालिका-२ देउरालीमा रहेको श्री आर्दश माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई वित्तिय साक्षरता प्रदान गरेको हो ।

शाखाका सम्बन्ध अधिकृत बसन्त कार्की र दर्शन शर्माले बैंक तथा वित्तिय संस्थाले प्रदान गर्ने सेवाका बारेमा प्रष्ट पारेका थिए । उनीहरुले बैंक खाताका प्रकार, डिम्याट खाता, डिजिटल बैंकिङ्, तथा बचतको महत्वका बारेमा प्रष्ट पारेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भिमलाल अधिकारी, प्र.अ. निर्मल प्रसाद खनालले अध्यनरत विद्यार्थीहरुका लागि वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम गरी बैंकिङ प्रक्रिया, सेवा, सुविधाका बारेमा जानकारी गराइदिएकोमा बैंकलाई धन्यवाद दिए । उनीहरुले वर्तमान अवस्थामा बैंक तथा वित्तिय क्षेत्रका विषयमा जानकारी हासिल गर्नु जरुरी रहेको भन्दै बैंकले आगामी दिनमा पनि साक्षरता कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरे । कक्षा ९, १०, ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई वित्तिय साक्षरता प्रदान गरिएको हो ।सोही अवसरमा बैंकले विद्यालयलाई 'वाटर डिस्पेन्सर' समेत सहयोग गरेको छ । बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विद्यालयलाई दुई थान पानी चिसो, तातो सफा गर्ने उपकरण वाटर डिस्पेन्सर नि:शुल्क सहयोग गरेको हो । चिसो मौसम बढ्दै गएपछि बैंकले विद्यार्थीहरुलाई दक्षित गरी सफा, चिसो, तातो पानी उपलब्ध गराउने उद्देश्यले विद्यालयमै पुगेर 'वाटर डिस्पेन्सर' वितरण गरेको जनाएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भिमलाल अधिकारी, रिव्दीकोट गाउँपालिका वडा -२ का वडा अध्यक्ष ओम प्रसाद पोखरेल र प्र.अ. निर्मल प्रसाद खनाललाई उक्त 'वाटर डिस्पेन्सर' हस्तान्तरण गरिएको हो ।

# कृषक समूहद्वारा...

...केही किसानले प्रतिकेजी रु ६०-७० का दरले व्यापारीलाई सुन्तला बिक्री गरेका हुन् । यहाँ उत्पादन भएको सुन्तला र त्यसको आम्दानीको हिसाबकिताब समयसमयमा समूहमार्फत हुने गरेको छ । सामूहिक रूपमा बैठक बसेर बजारीकरण, मूल्य निर्धारण, आइपरेका समस्या र त्यसको समाधानका विषयमा छलफल गरी समाधान निकाल्ने गरिएको उनले बताए । स्वादिष्ट सुन्तला उत्पादनका दृष्टिले स्याङ्जाको पहिचान छुट्टै किसिमको रहेको छ । जिल्लामा सुन्तला उत्पादनको सम्भावना र यसको विस्तारका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला सुपरजोन सञ्चालनमा रहेको छ । विसं २०७३/७४ देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला जोन हुँदै सुपरजोनमा परिणत भएसँगै सुन्तलाको बगैंचा विस्तारले तीव्रता पाएको हो । *--- रासस*

## खेलकुद समाचार

# क्रिकेटमा नेपालको लगातार तेस्रो हार



**काठमाडौं,** पुस २/एसीसी १९ वर्षमुनिको एशिया कप क्रिकेटमा नेपाल लगातार तेस्रो खेलमा पराजित भएको छ । बुधबार समूह चरणको अन्तिम खेलमा नेपाल अफगानिस्तानसँग ६ विकेटले पराजित भएको हो ।

नेपालले दिएको १ सय २५ रनको लक्ष्य अफगानिस्तानले २६ ओभर बलमा ४ विकेट गुमाएर भेटायो । अफगानिस्तानका उजैरुल्लाह नियाजाईले ६१ रन बनाए । नेपालका अभिषेक तिवारीले २ विकेट लिए । यसअघि संयुक्त अरब इमिरेट्स (यूएई) को दुबईमा रहेको द सेभेन्स स्टेडियममा टस हारेर ब्याटिङ गरेको नेपालले ४६ ओभर ४ बलमा सबै विकेट गुमाएर १ सय २४ रन बनायो । नेपालका दिलसाद अलीले सबैभन्दा धेरै ३२, चन्दन रामले २७, अभिषेक तिवारीले २० रन बनाए । अफगानिस्तानका जैतुल्लाह शाहीनले ३ विकेट लिए । नेपाल र अफगानिस्तान दुवै यसअघि नै प्रतियोगिताबाट बाहिरिइसकेका छन् । नेपाल समूह चरणको पहिलो खेलमा श्रीलङ्कासँग ८ विकेट र दोस्रो खेलमा बंगलादेशसँग ७ विकेटले पराजित भएको थियो । आठ वटा टोली सहभागी प्रतियोगितामा समूह 'ए' बाट भारत र पाकिस्तान तथा समूह 'बी' बाट श्रीलङ्का र बङ्गलादेश सेमिफाइनलमा पुगिसकेका छन् । एसीसी १९ वर्षमुनिको एशिया कपको फाइनल खेल आउँदो सोमवार पुस ६ गते हुनेछ ।


**ब्लुबुक हराएको सूचना**

मेरो निम्न विवरण भएको सवारी दर्ता प्रमाण-पत्र (ब्लुबुक) यही मिति २०८२/०८/०१ गतेका दिन दर्छादेखि रामपुरको बेझाड बजारतर्फ आउने क्रममा हराएको हुनाले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम :** महमद अली मिया
ठेगाना : साविक दर्छा-८, रामपुर, हाल रामपुर नगरपालिका -४, पाल्पा
**सवारी दर्ता नं :** लु.२१ प.४००५
**सम्पर्क नं. :** ९८४७०६६३९७


## अर्थ/कर्पोरेट समाचार

# कारोबारसँगै बढ्यो सेयर बजार



**पाल्पा,** पुस २ /साताको चौथो सेयर कारोबार दिन बुधबार प्रि ओपन सेसनमा नेप्से परिसूचक ३ अंक बढीले वृद्धि भएको छ । यो समयमा नेप्से परिसूचक ३ दशमलव ३३ अंकले बढेर २ हजार ६ सय २२ दशमलव ३२ विन्दुमा पुगेको छ । प्रि ओपन सेसनमा ५० वटा स्क्रिप्सको १ हजार ६०८ कित्ता सेयर ११ लाख १६ हजार ९ सय १५ रुपैयाँमा खरिदबिक्री भए । कारोबारमा आएकामध्ये १६ वटा स्टक्सको मूल्य बढ्दा २९ वटाको घट्यो । बाँकी ४ स्टक्सको मूल्य भने यो समयमा स्थिर रह्यो । अघिल्लो दिन मंगलबार १८ दशमलव ३७ अंकले बढेको नेप्से सोमबार ६ दशमलव ७४ अंकले वृद्धि भएको थियो । साताको पहिलो कारोबार दिन आइतबार भने परिसूचक १२ दशमलव ५० अंकले घटेको थियो । यसदिन ३३२ स्क्रिप्सको ८५ लाख ९८ हजार ४२४ कित्ता सेयर ४ अर्ब ५३ करोड ७ लाख २० हजार ७८२ रुपैयाँमा खरिदबिक्री भए। कारोबार रकम मंगलबारको तुलनामा बढी हो । मंगलबार ३ अर्ब २९ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । दुई कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो। स्वस्तिक लघुवित्त वित्तीय संस्था र एसवाइ प्यानेल नेपालको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो। नारायणी डेभलपमेन्ट बैंकको सेयर ८ दशमलव ७७ प्रतिशतले बढ्दा चिरख्वा हाइड्रोपावर ५ दशमलव ३३ र माइ खोला हाइड्रोपावरको ४ दशमलव ३३ प्रतिशतले बढ्यो । बराही हाइड्रोपावर पब्लिकका लगानीकर्ताले भने यसदिन सर्वाधिक गुमाए। सो कम्पनीको सेयर १० प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा युनियन हाइड्रोपावर शीर्षस्थानमा रह्यो । सो कम्पनीको २२ करोड ७८ लाख मूल्य बराबरको सेयर कारोबार भयो। मञ्जुश्री फाइनान्सले १३ करोडको सेयर कारोबार गर्दा नगदी ग्रुप पावरको ११ करोड,हिमालयन रिइन्स्योरेन्सले १० करोड र राधी विद्युतको ९ करोड ३१ लाख मूल्य बराबरको सेयर कारोबार भयो । कारोबारमा आएकामध्ये १४३ वटा स्टक्सको मूल्य बढ्दा १०४ वटाको घट्यो । ११ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो ।१० वटा समूहको उपसूचक बढ्दा तीन समूहको उपसूचक नकारात्मक देखिएका छन् । होटल्स एण्ड टुरिजम,नन लाइफ इन्स्योरेन्स र ट्रेडिङ समूहको उपसूचक घट्दा अन्य समूहको उपसूचक सकारात्मक देखिएका हुन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई